धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्युष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ८९ ◆ २०८३ असोज २९ बिहीबार ◆ Thursday, October 15, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## संसदीय सुनुवाइ : दश जना प्रस्तावित राजदूतको नाम अनुमोदन, दुई जनाको अस्वीकृत

❑ *प्रत्युष समाचारदाता*

काठमाडौँ । संसदीय सुनुवाइ समितिले १० जना प्रस्थावित राजदूतको नाम सर्वसम्मत रुपमा अनुमोदन गरेको छ।

समितिबाट भारतका लागि डा निश्चलनाथ पाण्डे, चीनका लागि डा कल्याणराज शर्मा, अमेरिकाका लागि चिरनजङ थापा, बेलायतका लागि गौरव शम्शेर जबरा, जर्मनीका लागि सरू जोशी, इजरायलका लागि सुरेश कुमार कर्ण, ओमानका लागि पदमाक्षी राणा, कोरियाका लागि डा सङ्गम श्रेष्ठ, स्पेनका लागि प्राप्ति शेरचन र श्रीलङ्काका लागि मञ्चलाकुमारी झाको नाम अनुमोदन भएको छ।

समितिले साउदी अरबका लागि प्रस्तावित गिरिबहादुर सुनार र मलेसियाका लागि प्रस्तावित चूडामणि खरेलको नाम अस्वीकृत गरेको समितिका सभापति बोधनारायण श्रेष्ठले जानकारी दिनुभयो। त्यसैगरी जापानका लागि प्रस्तावित राजदूत जिज्ञान कुमार थापाको नाम भने समितिले स्थगित गरेको छ। सभापति श्रेष्ठका अनुसार थापाको हकमा परराष्ट्र मन्त्रालयबाट थप प्रमाण तथा स्थानीय तहसँगको संलग्नता बारे स्पष्टता मागिएको छ।

## भोटेकोशी बाढीपीडितलाई छ महिनाभित्र अस्थायी आवासमा सारिने

❑ *प्रत्युष समाचारदाता*

काठमाडौँ । भोटेकोशी बाढीबाट प्रभावितलाई छ महिनाभित्र अस्थायी आवासमा स्थानान्तरण गरिने भएको छ।

नेपाल वातावरण पत्रकार समूहले आज यहाँ आयोजना गरेको 'भोटेकोशी बाढीः पुनःस्थापनाको सवाल' राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख धर्मराज उप्रेतीले बाढीपीडितका लागि तीन वर्षभित्र स्थायी आवास निर्माण गरी हस्तान्तरण गर्ने लक्ष्यका साथ काम अघि बढाइएको बताउनुभयो। बाढी प्रभावित रसुवा, नुवाकोट, गोरखा र धादिङका पाँच हजार ११६ परिवारलाई स्थायी बसोबासको व्यवस्था गर्नुअघि अस्थायी आवास निर्माण गरिने बताउनुभयो। सरकारले बाढीपीडित परिवारलाई पाँच महिनासम्म मासिक रु १५ हजारका दरले राहत उपलब्ध गराउने निर्णय गरेको छ। चार जनाभन्दा बढी सदस्य भएका परिवारलाई प्रत्येक थप सदस्यका लागि रु दुई हजारका दरले थप रकम उपलब्ध गराइनेछ। प्रभावित परिवारलाई आगामी तीन महिनाका लागि रु ४५ हजारका दरले आर्थिक सहायता उपलब्ध गराउने प्रक्रिया पनि अघि बढाइएको उहाँले बताउनुभयो।

इन्जिनियरिङ अध्ययन संस्थानका प्राध्यापक सञ्जय उप्रेतीले पुनःस्थापनाको क्रममा विपद् तथा इन्जिनियरिङ पक्षसँगै सामाजिक, आर्थिक र सांस्कृतिक पक्षलाई पनि ध्यान दिनुपर्ने बताउनुभयो।

टिमुरेकी स्थानीय छेदिन डोल्माले बाढीपछिको मानसिक त्रासबाट आफूहरू अझै मुक्त हुन नसकेको बताउनुभयो। स्थानीय



नामग्याल घलेले आफूहरू पूर्ण रुपमा विस्थापित भएको र अब कहाँ जाने भन्ने टुङ्गो नभएको बताउनुभयो। टिमुरेस्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयका प्रधानाध्यापक फूर्बु दोर्जेले बाढीमा विद्यालयका १० विद्यार्थी बेपत्ता भएको र भवन पूर्ण रूपमा नष्ट भएकाले आगामी दिनमा विद्यालय सञ्चालन तथा शैक्षिक वातावरण तयार गर्नेबारे अन्योल रहेको बताउनुभयो।

रसुवाका पत्रकार निराजन पौडेलले बाढीमा आफ्ना आमाबुवा सहित परिवारका पाँच सदस्य गुमाएको र बाढी आएको ५० दिन बितिसक्दा पनि राहत नपाएको गुनासो गर्नुभयो।

## दसैं बिदामा पनि अस्पतालको सेवा निरन्तर

रुपन्देही । भीम अस्पताल भैरहवाले दसैं बिदाको समयमा पनि बहिरङ्ग सेवा (ओपिडी) बाहेकका अत्यावश्यक स्वास्थ्य सेवा नियमित सञ्चालन गर्ने जनाएको छ।

अस्पतालले सूचना जारी गर्दै यही असोज ३१ देखि आगामी कात्तिक ८ गतेसम्म सार्वजनिक बिदा रहे पनि आकस्मिकलगायत अत्यावश्यक स्वास्थ्य सेवा सञ्चालन हुने जानकारी दिएको हो। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वर्षा थापाका अनुसार बिदाको अवधिमा कुकुरको टोकाइविरुद्ध लगाइने एआरभी (एन्टी रेबिज भ्याक्सिन) सेवा उपलब्ध हुनेछ।

त्यसैगरी, सामाजिक सेवा इकाइबाट प्रदान गरिने सेवा उपलब्ध गराइनेछ। अस्पतालले सेवाग्राहीलाई आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको जनाएको छ। स्वास्थ्य समस्या देखिएमा वा आकस्मिक उपचार आवश्यक परेमा अस्पतालको आकस्मिक सेवा विभागमा सम्पर्क गर्न अस्पतालले सबैलाई अनुरोध गरेको छ। दसैं बिदाका कारण अत्यावश्यक उपचार मा समस्या नहोस् भन्ने उद्देश्यले अस्पतालले आकस्मिक तथा अन्य आवश्यक सेवा निरन्तर सञ्चालन गर्ने जनाएको छ।

## व्यवहारमा ब्यापार सहजीकरण हुनुपर्छ

काठमाडौँ । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठले व्यापार सहजीकरण कागजमा मात्र नभएर व्यवहारमा गरिनुपर्ने बताउनु भएको छ।

महासङ्घले बुधबार यहाँ आयोजना गरेको वर्तमान आर्थिक अवस्था र निजी क्षेत्रको आर्थिक वृद्धिको सम्भावना विषयक कार्यक्रममा उहाँले प्रक्रियागत झन्झटको अन्त्य गर्दै सहजीकरण गर्ने नीति राज्यले अङ्गीकार गर्नुपर्ने बताउनुभयो।

"अहिले व्यापार सहजीकरण कागजी प्रक्रियामा मात्रै धेरै भएको देखिन्छ। तर नीजि क्षेत्रले व्यवहारमा नै परिवर्तनको आभास गर्न चाहिर हेको छ", उहाँले भन्नुभयो, "खर्च प्रणाली आधुनिक बनाउने, डिजिटल प्रणालीमा आधारित एकीकृत व्यापार प्रक्रिया लागू गर्ने, भरपर्दो 'लजिस्टिक' पूर्वाधार बनाउने र सीमापार भुक्तानी भरपर्दो सीमापार ढुवानी भरपर्दो बनाउनेतर्फ पनि सरकार अग्रसरतामा देखाउनुपर्छ।"

अध्यक्ष श्रेष्ठले मुलुकको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेका साना तथा मझौला उद्योगहरू गम्भीर समस्यामा परेको भन्दै ती समस्याको तत्काल सम्बोधन गर्न सरकारसँग माग गर्नुभएको छ।

## चौध लाख बराबरको अवैध सामान बरामद

वीरगञ्ज। सशस्त्र प्रहरी बल, नेपाल नं १३ गण हेडक्वाटर पर्साले रु १४ लाख २५ हजार ५०० बराबरको अवैध सामान बरामद गरेको छ।

वीरगञ्ज महानगरपालिका-२५, खल्वास्थित सशस्त्र प्रहरी बल नेपाल नेपाल बिओपी ड्राइपोर्ट, पर्साबाट खटिएको टोलीले खल्वा सीमा क्षेत्रको धान खेतमा लुकाई-छिपाई राखेको अवस्थामा सामान बरामद गरेको हो।

ती सामानको मूल्य रु १३ लाख ४५ हजार ५०० बराबर रहेको सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज क्षेत्रीले जानकारी दिनुभयो। बरामद गरिएका औषधि तथा औषधिजन्य सामग्री वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको छ।

## हिमाल आरोहणका लागि ७१ देशका एक हजार ९८ आरोहीलाई अनुमति

❑ *प्रत्युष समाचारदाता*

काठमाडौँ । शरद् ऋतुमा ३१ हिमाल आरोहणका लागि एक हजार ९८ जनाले अनुमति लिएका छन्। पर्यटन विभागका अनुसार सन् २०२६ को शरद् ऋतुमा नेपालका विभिन्न हिमाल आरोहण का लागि १३० टोलीले अनुमति लिएका छन्।

पर्यटन विभागका सूचना अधिकारी सुरज घिमिरेले ४१ हिमाल आरोहणका लागि ८३३ पुरुष र २६५ महिलाले आरोहण अनुमति लिएको जानकारी दिनुभयो। अनुमति प्रदान गरेबापत विभागले आरोही बाट रु २८ करोड २४ लाख १४ हजार ५६ रोयल्टी सङ्कलन गरेको छ।

आरोहण अनुमति प्रदान गरिएका हिमालमध्ये सबैभन्दा धेरै मनास्लु (आठ हजार १६३ मिटर) रहेको छ। मनास्लु आरोहणका लागि मात्रै ४३ टोलीका ५०० जना आरोहीले अनुमति लिएका छन्। त्यसमा ३७३ पुरुष र १२७ महिला रहेका छन्। आरोहीबाट विभागले रु २२ करोड ५८ लाख ५७ हजार १८९ रोयल्टी सङ्कलन गरेको छ।

पर्यटन विभागका अनुसार धौलागिरि-१ आरोहणका लागि छ टोलीका ३७ जनाले अनुमति लिएका छन्। ती आरोहीबाट विभागले ८४ लाख ७३ हजार ६५० रोयल्टी सङ्कलन गरेको छ।

यस्तै, मकालु हिमाल आरोहणका लागि एक टोलीका तीन जनाले अनुमति लिएका छन्। उनीहरुबाट विभागले छ लाख ८८ हजार ५० राजस्व सङ्कलन गरेको छ।

यसैगरी, हिम्लुङ हिमालका लागि नौ टोलीका ९४ आरोहीले अनुमति लिएका छन्। सो आरोही दलबाट विभागले रु ५७ लाख ८८ हजार ९६० रोयल्टी सङ्कलन गरेको छ।

यसैगरी, आमादब्लम हिमाल आरोहणका लागि १६ टोलीका १७८ जनाले आरोहण अनुमति लिएका छन्। उनीहरुबाट विभागले दुई करोड ७३ लाख १५ हजार ५०० राजस्व सङ्कलन गरेको छ।

यसैगरी, पुथा हिउँचुली, डाङ्गा हिउँचुली, बरुणत्से हिमाल, मकालु, गङ्गापूर्णा पश्चिम (लाङचेनल), थोराङ पिक, नोर्बु खाङ, अन्नपूर्ण-४, चाम्लाङ, लमजुङ हिमाल, पुमोरी, सारिबुङ, थापा पिक (धाम्पुस), पोखर खाङ, अर्दाङ, पेरीलगायत हिमालका लागि अनुमति प्रदान गरिएको विभागले जनाएको छ।

ती हिमाल आरोहण गर्नका लागि ७१ देशका एक हजार ९८ आरोहीले आरोहण अनुमति लिएका छन्। आरोहण अनुमति लिनेमा सबैभन्दा धेरै चीनका १३२ जना छन्।

यसबाहेक रसियाका ९६, फ्रान्सका ९३, अमेरिकाका ९४, बेलायतका ७४, पोल्यान्डका २९, नेपालका २६, स्विजरल्यान्डका २८, स्पेनका २१, भारतका २२, इटलीका २८ र जापानका २८ जनाले आरोहण अनुमति लिएका छन्।

विभागले उक्त हिमाल आरोहणका लागि जारी गरेको आरोहण अनुमतिबाट १८ लाख ५४ हजार ९५९ अमेरिकी डलर अर्थात् रु २८ करोड २४ लाख १४ हजार ५६ नेपाली रोयल्टी सङ्कलन गरेको छ।

## विपद् जोखिम न्यूनीकरणसम्बन्धी राष्ट्रिय सम्मेलन सम्पन्न

ललितपुर । अन्तरराष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवसका अवसरमा आयोजित विपद् जोखिम न्यूनीकरणसम्बन्धी पाँचौं राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ।

'उत्थानशीलताको सुरुआत घरबाटै' भन्ने नारका साथ मङ्गलबारदेखि सुरु भएको सम्मेलन मा विपद् जोखिम न्यूनीकरण, व्यवस्थापन र उत्थानशीलताका विभिन्न विषयमा छलफल भएको थियो।

सम्मेलनको अन्तिम दिन आज आठवटा समूह छलफल तथा छोटा प्रस्तुति भएका थिए। बिहानको सत्रमा भोटेकोशी बाढीपछि व्यवसायको पुनःस्थापना र पुनर्निर्माण तथा विपद् जोखिम व्यवस्थापनमा तथ्याङ्क, प्रविधि र नवप्रवर्तनको प्रयोगबारे छलफल भएको थियो।

त्यसैगरी, सो अवसरमा बुधबार समावेशी उत्थानशीलता, मनोसामाजिक कल्याण, सबैलाई समेट्ने उपाय तथा जलवायु उत्थानशील गाउँ निर्माणका नीति र अभ्यासबारे विज्ञ तथा अध्येताले विचार राखेका थिए।

सम्मेलनका नवौं र दसौं सत्रमा विपद् जोखिम न्यूनीकरणका असल अभ्यासबारे प्रस्तुति गरिएको थियो। एघारौं सत्रमा संरचनात्मक तथा गैरसंरचनात्मक उपायको एकीकरण, बहुप्रकोपीय जोखिम आकलन र सबैका लागि पूर्वसूचना सम्बन्धी विषयमा छलफल भएको थियो।

सो अवसरमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेती, जल तथा मौसम विज्ञान विभागका महा-निर्देशक डा अर्चना श्रेष्ठ, जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रका उपकार्यकारी निर्देशक डा राजन भट्टराई र खानी तथा भूगर्भ विभागका उप-महानिर्देशक डा गणेश त्रिपाठी सहभागी हुनुहुन्थ्यो।समापन सत्रमा प्राधिकरणका कार्यकारी प्रमुख डा उप्रेतीले सम्मेलन र छलफलले विपद् जोखिम न्यूनीकरणका लागि नयाँ समाधान खोज्न सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले आगामी वर्षको सम्मेलनमा विपद्बाट हुने क्षति तथा नोक्सानी घटेको तथ्याङ्कसहित छलफल गर्न पाइने आशा व्यक्त गर्नुभयो। उहाँले विपद् जोखिम न्यूनीकरणसम्बन्धी सन्देशलाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिँदै प्राधिकरणले सामूहिक सिर्जना र सहभागितामूलक योजना निर्माण लाई प्राथमिकता दिएको बताउनु भयो।

*सम्पादकीय ....*

## मदिरा सेवन हानिकारक

मदिरा सेवनले व्यक्तिको स्वास्थ्यमा मात्र नभई परिवार र समाजमा पनि नकारात्मक प्रभाव पार्छ। मदिराका कारण घरमा झगडा, हिंसा र पारिवारिक कलह उत्पन्न हुन सक्छ। अनावश्यक खर्च बढ्दा परिवारको आर्थिक अवस्था कमजोर हुन सक्छ। मदिरा सेवन गरेर सवारीसाधन चलाउँदा सडक दुर्घटना हुन सक्छ र निर्दोष मानिसको ज्यानसमेत जान सक्छ। दशैंजस्तो खुसी र एकताको चाडमा मदिराका कारण दुःखद घटना घट्नु अत्यन्त दुःखद कुरा हो।

दशैं नेपालीहरूको महान् तथा प्रमुख चाड हो। यो चाडमा परिवारका सदस्य, आफन्त र साथीभाइ एकै ठाउँमा भेला भएर खुसी साटासाट गर्ने, टीका लगाउने, आशीर्वाद लिने र मिठा परिकार खाने गरिन्छ। दशैंले आपसी सद्भाव, प्रेम, एकता र भाइचाराको भावना बढाउँछ। तर पछिल्लो समयमा दशैंको अवसरमा मदिरा सेवन गर्ने चलन पनि बढ्दै गएको छ। मदिरा सेवनलाई रमाइलोको माध्यम ठानिए पनि यसले मानिसको स्वास्थ्य, परिवार र समाजमा नकारात्मक असर पार्छ।

दशैंमा साथीभाइसँग भेटघाट, भोजभतेर तथा उत्सवका नाममा धेरै मानिसले मदिरा सेवन गर्ने गर्छन्। कतिपयले अरूको देखासिकीमा मदिरा पिउने गर्छन् भने कतिपयले दुःख, तनाव र चिन्ता भुल्न मदिरा सेवन गर्छन्। केही मानिसले मदिरा सेवनलाई आफ्नो प्रतिष्ठासँग जोड्ने गरेको पनि पाइन्छ। तर यस्ता बानीले बिस्तारै लतको रूप लिन सक्छन्।

मदिरा सेवनले मानव स्वास्थ्यमा गम्भीर असर पार्छ। यसले कलेजो, मुटु, मस्तिष्क तथा पाचन प्रणालीमा समस्या उत्पन्न गर्न सक्छ। अत्यधिक मदिरा सेवन गर्दा मानिसको सोच्ने र निर्णय गर्ने क्षमता कमजोर हुन्छ। यसले उच्च रक्तचाप, विभिन्न रोग तथा दुर्घटनाको जोखिम बढाउँछ। लामो समयसम्म मदिरा सेवन गर्दा शरीर कमजोर हुनुका साथै मानसिक स्वास्थ्यमा समेत नकारात्मक असर पर्न सक्छ। गर्भवती महिलाले मदिरा सेवन गर्दा गर्भमा रहेको शिशुको विकासमा समेत गम्भीर असर पर्न सक्छ।

दशैंलाई सभ्य, सुरक्षित र मर्यादित बनाउन मदिरा सेवनबाट टाढा रहनुपर्छ। परिवारका सदस्यले एकअर्कालाई राम्रो बानी अपनाउन प्रेरित गर्नुपर्छ। विद्यालय, समुदाय र सञ्चारमाध्यमबाट मदिराको हानिबारे जनचेतना फैलाउनुपर्छ। मदिरा सेवन गरेर सवारीसाधन चलाउनु हुँदैन। मदिराको लत लागेका व्यक्तिलाई गाली वा अपमान गर्नुको सट्टा आवश्यक सहयोग र उपचारका लागि प्रोत्साहित गर्नुपर्छ।

दशैं खुसी, शान्ति, प्रेम र सद्भावको चाड हो। यस चाडको वास्तविक महत्व मदिरा सेवनमा नभई परिवारसँग समय बिताउन, ठूलाबडाको आशीर्वाद लिन र आपसी सम्बन्ध बलियो बनाउनमा छ।

त्यसैले हामी सबैले मदिरा सेवनबाट टाढा रही स्वस्थ, सुरक्षित र सभ्य तरिकाले दशैं मनाउनुपर्छ। "स्वस्थ शरीर, सुखी परिवार र सभ्य समाज" निर्माण गर्न मदिरारहित दशैं मनाउनु आजको आवश्यकता हो।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०, ९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# दूरसञ्चार सेवासम्बन्धी उपकरण आयातमा नौ अर्बभन्दा बढी रकम

*कृष्णराज गौतम*

सरकारले आर्थिक वर्ष २०८१/८२ मा दूरसञ्चार सेवाको लागि आवश्यक उपकरण आयात गर्न कूल रु नौ अर्बभन्दा बढी रकमको सिफारिस गरेको छ।

नेपल दूसञ्चार प्राधिकरण मार्फत उपकरण आयातका लागि रु तीन अर्ब ५४ करोड तथा व्याण्डविथ भुक्तानीबापत रु पाँच अर्ब ५५ करोड बराबरको विदेशी मुद्राको सिफारिस गरी कूल रु नौ अर्बभन्दा बढीको अनुमति प्रदान गरेको हो। विसं २०५४ फागुनमा गठित प्राधिकरण दूरसञ्चार क्षेत्रको नियामक संस्था हो।

प्राधिकरणका सूचना अधिकारी रेवतीराम पन्थका अनुसार यसले निजी क्षेत्रको सहभागिता गराई देशभर दूरसञ्चार सेवाको विकास, विस्तार तथा सञ्चालन गर्न आवश्यक स्वच्छ प्रतिस्पधात्मक वातावरणको सिर्जना गरेको छ।

देशको सामाजिक तथा आर्थिक विकासमा दूरसञ्चार (टेलिकम्युनिकेशन) क्षेत्रले राम्रो प्रगति गरेको छ। विश्व परिवेशमा दूरसञ्चार क्षेत्रमा भएको विकासले आधुनिक समाजमा सहजता थपेको छ। सूचना तथा सञ्चार प्रवाहले मानिसको जीवनमा अत्यन्त सकारात्मक भूमिका निर्वाह गरेका कारण समाजमा यसको महत्त्वपूर्ण र दूरगामी प्रभाव बढ्दै गएको छ। दूरसञ्चार सेवाप्रदायकहरूवाट आर्थिक वर्ष २०८१/८२ मा रोयल्टी रकमबापत रु तीन अर्ब ४४ करोड ४८ लाख ९१ हजार ८७७ सरकारको राजस्व खातामा दाखिला भएको छ। यो सेवा प्रदायकले प्राप्त गरेको वार्षिक आयको चार प्रतिशत रोयल्टी हो। रु दुई अर्ब ३२ करोड ग्रामीण दूरसञ्चार कोषमा जम्मा भएको प्राधिकरणका सूचना अधिकारी पन्थले जानकारी दिनुभयो।

आर्थिक वर्ष २०८२/८३ को विवरण असोज मसान्तभित्र बुझाउनका लागि अन्तिम चरणमा रहेको जनाइएको छ। विभिन्न सामाजिक सञ्जाल र सञ्चार माध्यमले मानिसहरूलाई एक आपसमा जोड्न, सूचना आदान प्रदान गर्न र समाजमा जनचेतना फैलाउन सहयोग गरेको यसक्षेत्रले विश्व भूमण्डलीकरणलाई नै साँघुरो बनाएर भौगोलिक दूरी घटाएको छ। ज्ञानको खोजी गर्न, शिक्षा, स्वास्थ्य, वित्तीय, बैंकिङ र सरकारी सेवाहरूमा सर्वसाधारण मानिसको पहुँच विस्तार भएको छ। मोबाइल बैंकिङ, डिजिटल वालेट तथा फिनटेक सेवामार्फत बैंकिङ पहुँच नपुगेका गाउँठाउँमा समेत वित्तीय कारोबार सहज बनाएको छ। दूरसञ्चार, इन्टरनेट, अनलाइन शिक्षा, डिजिटल सामग्रीका माध्यमबाट दूरशिक्षामा राम्रो विकास भएको छ। दूरसञ्चारले राजनीतिक, कूटनीतिक, सामाजिक, आर्थिकलगायत क्षेत्रमा योगदान पुर्याएको छ। बिरामीले पनि विशेषज्ञ डाक्टरहरूसँग स्वास्थ्यका बारेमा जानकारी लिन सक्ने अवस्था बनेको छ। टेली-मेडिसिन सेवाअन्तर्गत दूरदराज तथा दूर्गम क्षेत्रका बिरामीहरूले घरमै बसेर परामर्श लिन सक्ने भएका छन्। यसले आकस्मिक स्वास्थ्य उपचार लाई सहज बनाएको छ। दैवी प्रकोप, बाढी, पहिरोजस्ता प्राकृतिक विपत्तिबाट जनधनको संरक्षणका लागि अगाडि नै सूचना प्रवाह गर्न दूरसञ्चार प्रभावकारी साधनका रूपमा प्रयोग गरिएको छ।

नागरिकहरूले राज्यबाट लिनुपर्ने सेवा तथा कर भुक्तानी, शुल्क बुझाउन, व्यापार, व्यवसाय विस्तार लगायत कार्य अनलाइन मार्फत हुन थालेको छ। साना तथा ठूला व्यवसायीहरूले आफ्ना उत्पादनहरू अनलाइनमार्फत देश-विदेशमा प्रवर्द्धन तथा कारोबार गर्न सक्ने वातावरण बनेको छ। डिजिटल बैंकिङ र वित्तीय पहुँचमा पनि यसको महत्वपूर्ण योगदान देखिएको छ। जसले ई-गभर्नन्समा डिजिटल मार्केटिङले युवाहरूका लागि नयाँ र आकर्षक रोजगारीका अवसरहरू उपलब्ध गराएको दूरसञ्चार क्षेत्र कृषि क्षेत्रलाई पनि सहज बनाएको छ।

किसानले मोबाइल एप वा एसएमएसमार्फत मनसुन, मल, बीउबिजनको जानकारी, बजारमा माग र आपूर्तिको अवस्था खेती प्रणालीमा प्रविधबारे जानकारी दिएर उत्पादन बढाउन सहयोग गरेको छ। भरपर्दो र ज्ञानवर्द्धक सूचनाले व्यवसायको लागत घटाउँछ, आपूर्ति शृङ्खलालाई सहज बनाउँछ। दूरसञ्चार पूर्वाधार विकासमा भएका लगानी कम रहेको बताइएको छ। वैदेशिक लगानी भित्रिने सम्भावना छ। यसले नेपालजस्तो भौगोलिक विविधता भएको मुलुकमा ताररहित र ब्रोडब्यान्ड इन्टरनेटको विस्तारले दुर्गम क्षेत्रलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय अर्थतन्त्रसँग जोडेको छ।

नेटवर्क निर्माण, सफ्टवेयर विकास, टावर सञ्चालन, तथा बिक्री-वितरणका क्षेत्रमा ठूलो सङ्ख्यामा लाखौं मानिसलाई प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी प्राप्त भएको छ भने सरकारलाई लाइसेन्स शुल्क, फ्रिक्वेन्सी शुल्क, भ्याट र विभिन्न करमार्फत ठूलो मात्रामा राजस्व प्राप्त भएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यलयका अनुसार अर्थतन्त्रमा दूरसञ्चार क्षेत्रको योगदान डेढ प्रतिशत छ। अर्थ मन्त्रालयका अधिकृत एवं वरिष्ठ अर्थशास्त्री उद्धव पौडेलका अनुसार अर्थतन्त्रमा दूरसञ्चार सहित समग्र सूचना प्रविधि क्षेत्रले विभिन्न किसिमबाट अर्थतन्त्रलाई योगदान पुर्याइरहेको बताउँदै अर्थतन्त्रको भविष्यका रूपमा सूचना प्रविधि क्षेत्रलाई अघि बढाउनुपर्ने बताउनुभयो। अहिले सम्म तथ्यपरक ढङ्गले अर्थतन्त्रमा टेलिकम क्षेत्रले पुर्याएको योगदानका विषयमा गहिरो अध्ययन हुन सकेको छैन। यस विषयमा थप अध्ययन तथा अनुसन्धान गर्न आवश्यक देखिन्छ। दूरसञ्चार प्राधिकरणका अनुसार समग्र सूचना प्रविधिले विगतमा दुई दशमलव २२ प्रतिशत अर्थतन्त्रमा योगदान गरेकामा दूरसञ्चार क्षेत्रको मात्रै एक दशमलव ४७ प्रतिशत योगदान गरेको छ। अर्थतन्त्रमा दूरसञ्चार क्षेत्रको योगदान विगतमा रु ५१ अर्बभन्दा बढी भएको तथ्याङ्क छ।

प्राधिकरणले विगत पाँच वर्षयता निजी क्षेत्रबाट सञ्चालित हेलो मोबाइल, सिजी मोबाइल, स्मार्ट र युटिएलको दर्ता खारेजी गरेको छ। नयाँ कम्पनीले लगानी विस्तार गर्न तथा धेरै प्रतिस्पर्धा गर्नुपर्ने देखिन्छ। नेपाल दूरसञ्चार कम्पनी लिमिटेड र एनसेल आजियटा लिमिटेडले आफ्ना सेवाग्राहीलाई आकर्षण गरेका छन्। इन्टरनेट सेवा प्रदायक सङ्घ नेपाल (आइस्पान) ले उपभोक्तासम्म इन्टरनेट प्रवाह गर्दा सेवा प्रदायकले विभिन्न कर तिर्नुपर्ने जनाएको छ। सेवा प्रदायकले आफ्नो वार्षिक आयको चार प्रतिशत रोयल्टीबापत, दुई प्रतिशत ग्रामीण दूरसञ्चार कोषमा, दूरसञ्चार सेवा शुल्कबापत १३ प्रतिशत, भ्याटबापत १३ प्रतिशत, कर्पोरेट ट्याक्सबापत ३० प्रतिशत र पुँजीगत लाभ करबापत २५ प्रतिशत कर तिर्नुपर्ने व्यवस्था छ।

अप्टिकल फाइबर केबल आयात गर्दा १५ प्रतिशत र राउटरलगायत उपकरण ल्याउँदा पनि पाँच प्रतिशत कर तिर्नुपर्ने व्यवस्था छ। विगतका सरकारले सूचना प्रविधि क्षेत्रबाट अधिकतम फाइदा लिन डिजिटल नेपालको फ्रेमवर्कको अवधारणा तयार पारेको थियो।

दूरसञ्चार सेवा प्रदायकले गर्ने योगदानका आधारमा सहुलियत को अनुपात पनि फेरबदल हुनुपर्ने विज्ञको सुझाव छ। पछिल्लो जनगणना २०७८ अनुसार देशको जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ। एकै व्यक्तिले एकभन्दा बढी सिमकार्ड प्रयोग गरेका कारण सदस्यता सङ्ख्या धेरै छ। नेपाल टेलिकमको एक करोड ६३ लाख ९ हजार ६७५ ग्राहक सङ्ख्या रहेका छन्। एनसेलका एक करोड ४० लाख ४६ हजार ३८२ ग्राहक रहेको जनाइएको छ।

मोबाइल ब्राँडब्यान्डमा फोरजीका दुई करोड ६९ लाख ४७ हजार ६४१ र थ्रिजीका सात लाख ४१ हजार ४०९ प्रयोगकर्ता रहेका छन्। फिक्स्ड ब्राँडब्यान्ड तारयुक्त तर्फ ३५ लाख ६३ हजार ८७५ ग्राहक छन् भने वायरलेसतर्फ २९ हजार ८१७ ग्राहक रहेको बताइएको छ। दूरसञ्चार कम्पनीहरूलाई डिजिटल अर्थतन्त्रका आधारभूत पूर्वाधारका रूपमा समेत हेरिनुपर्छ। अर्थविद् राधेश्याम मालाकारले दूरसञ्चार क्षेत्रले आफ्ना करोडौं सङ्ख्यामा रहेका ग्राहकलाई सस्तो र सहुलियतमा सेवा सुविधा उपलब्ध गराउन सरकारले दीर्घकालीन नीति बनाउनपर्ने उल्लेख गर्दै प्रविधिमा हुने परिवर्तनसँगै दूरसञ्चार क्षेत्रमा निरन्तर लगानी आवश्यक हुनेमा जोड दिनुभयो।

यो क्षेत्रले सरकारलाई दीर्घकालसम्म राजस्व उठाउन सहयोग गर्ने भएकाले जनताको सामाजिक तथा आर्थिक विकास सकारात्मक प्रभाव पार्ने बताउँदै उहाँले भन्नभयो, "दूरसञ्चार कम्पनीबाट उठ्ने करसँगै उनीहरूले गर्ने लगानी, रोजगारी सिर्जना, नयाँ कारोबार र डिजिटल अर्थतन्त्रमा पुर्याउने योगदानलाई समेत समग्र रूपमा हेर्नुपर्छ।" दूरसञ्चार क्षेत्रको कर नीति पुनरावलोकन गर्दा करको दरसँगै लाइसेन्स नवीकरण, रोयल्टी, ग्रामीण दूरसञ्चार कोष, स्पेक्ट्रम शुल्क र अनुमतिपत्रको अवधिलाई समेत एकीकृत रूपमा पुनर्विचार गर्नुपर्ने देखिन्छ।

सेवाप्रदायक कम्पनी कर तिर्ने उद्योगकारूपमा विकास गर्न सकेमा राजस्वसँगै दीर्घकालीन स्वदेशी तथा वैदेशिक लगानी, रोजगारी, डिजिटल कारोबार र अर्थतन्त्रमा पर्ने समग्र प्रभावलाई सकारात्मक बनाउने छ। औद्योगिक क्षेत्र कमजोर हुँदै गएमा राज्यको राजस्व पनि दीर्घकालमा प्रभावित हुन सक्ने खतरा छ। यसका लागि राज्यले दूरसञ्चार क्षेत्रको नीति पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

**जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं**

- **जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,**
- **बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,**
- **वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,**
- **नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,**
- **वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,**
- **जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,**
- **प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,**
- **जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं।**

**जलवायु परिवर्तनको असरबारे सचेत बनौं।**
**जलवायु-उत्थानशील समाज निर्माण गरौं।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

## ठगीको आरोपमा फरार ठाकुर पक्राउ

प्रत्यूष समाचारदाता

काठमाडौँ । ठगी तथा बैंकिङ कसुरसम्बन्धी विभिन्न मुद्दामा पक्राउ पुर्जी जारी भई फरार रहेकी एक महिलालाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिरहाको लहान नगरपालिका–५ की ४२ वर्षीया नितु ठाकुर रहेकी छन् । उनलाई ललितपुर महानगर पालिका–२३, धापाखेलबाट पक्राउ गरिएको अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो ।

सविन तामाङको जाहेरीका आधारमा नेपाल सरकार वादी र ठाकुर प्रतिवादी रहेको ठगीसम्बन्धी कसुरमा काठमाडौँ जिल्ला अदालत बाट पक्राउ पुर्जी जारी भएपछि उनी फरार रहँदै आएकी थिइन् । उक्त मुद्दामा ठाकुरले रु १५ लाख ७० हजार ठगी गरेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार ठाकुर विरुद्ध विभिन्न व्यक्तिको जाहेरीका आधारमा जिल्ला प्रहरी परिसर काठमाडौँमा रु ४२ लाख बिगोको बैंकिङ कसुरसम्बन्धी मुद्दा तथा प्रहरी वृत्त नयाँ बानेश्वरमा रु ३१ लाख ५० हजार बिगोको बैंकिङ कसुरसम्बन्धी मुद्दामा समेत पक्राउ पुर्जी जारी भएको थियो ।

ठाकुरलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि बुधबार जिल्ला प्रहरी परिसर, भद्रकाली पठाइएको अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

## चन्द्रपुरमा बसको ठक्करबाट दुई वर्षीया बालिकाको मृत्यु

रौतहट । चन्द्रपुर नगरपालिका–८ मोतीपुरस्थित भित्री सडकखण्डमा स्कुलबसको ठक्करबाट बुधबार एक बालिकाको मृत्यु भएको छ ।

प्रहरीका अनुसार स्थानीय सिकेन्द्र चौधरीकी दुई वर्षीया छोरी महिमा चौधरीको बसको ठक्करबाट घटनास्थलमै मृत्यु भएको हो । बिहान करिब १०:५५ बजेको समयमा सिन्धुरेघारीबाट चपुरतर्फ जाँदै गरेको मुन लाइट एकेडेमीले सञ्चालन गरेको बसले ठक्कर दिई घरअगाडि बाटो छेउमा खेलिरहेकी बालिकाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

यसै सन्दर्भमा इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक सत्यनारायण थापाले बसको ठक्करबाट बालिका को टाउकोको पछाडिपट्टीको भागमा गम्भीर चोट लागि घटनास्थलमै मृत्यु भएको जानकारी दिनुभयो । प्रहरीले घटनास्थलमा कानुनी प्रक्रिया पूरा गरी शव परीक्षणका लागि नजिकको चन्द्रपुर सरकारी अस्पताल लगेको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वसन्त गौतमका अनुसार ठक्कर दिने बस चालक रौतहट चन्द्रपुर नगर पालिका–४ बस्ने ४५ वर्षीय कान्छा राईसहित बसलाई जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरको नियन्त्रणमा राखिएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको र अहिले अस्पताल परिसरमा स्थानीय जनताको बाक्लो उपस्थिति रहेको प्रहरीले जनाएको छ ।

## विपद्का घटनामा १० जना घाइते

काठमाडौँ । देशभर पछिल्लो २४ घण्टामा भएका १५ वटा विपद्का घटनामा परी १० जना व्यक्ति घाइते भएका छन् ।

विपद्का घटनामा परी घाइते भएकाको स्थानीय स्वास्थ्य केन्द्र र सम्बन्धित जिल्लाका अस्पतालमा उपचार भइरहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार ती घटनामा रु २६ लाख ३३ हजार बराबरको भौतिक क्षति भएको छ । त्यस अवधिमा देशका विभिन्न स्थानमा आगलागी, सर्पदंश लगायतका विपद्का घटना भएका हुन् । प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार मोरङ, सप्तरी, पाल्पा, सुर्खेत, कालीकोट र कञ्चनपुरमा सर्पदंशका घटना भएका छन् । त्यस्तै मोरङ, धनकुटा, महोत्तरी, काठमाडौँ, कैलाली र कञ्चनपुरमा आगलागीका घटना भएका थिए । प्राधिकरणका अनुसार उक्त अवधिमा भएका विपद्का घटनाबाट मानवीय तथा पशु चौपायामा क्षति नभए पनि भौतिक सम्पत्तिमा क्षति पुगेको छ ।

विपद्बाट भएको क्षतिको विवरण सङ्कलन तथा व्यवस्थापनका लागि सम्बन्धित निकाय सक्रिय रहेको प्राधिकरणले जनाएको छ । मौसममा भइरहेको परिवर्तन तथा वर्षाजन्य विपद्को सम्भावित जोखिमलाई ध्यानमा राख्दै प्राधिकरण ले सर्वसाधारणलाई सतर्कता अपनाउन आग्रह गरेको छ । विपद्का समयमा सावधानी अपनाउन र जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्नसके जनधनको क्षति कम गर्न सकिनेछ ।

## नेप्से २१ अंकले बढ्यो

काठमाडौँ । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार दोहोरो अङ्कले बढेको छ ।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २१ दशमलव ३२ अङ्कले बढेर दुई हजार ६२१ दशमलव २६ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ७९ अङ्कले बढेर ४७४ दशमलव ९६ मा पुगेको छ । फ्लोट सूचक एक दशमलव ६१ अङ्कले बढेर १८१ दशमलव ६३ मा पुगेको छ । सेन्सेटिभ फ्लोट सूचक एक दशमलव ७१ अङ्कले बढेर १६० दशमलव ६८ मा पुगेको छ । विभिन्न कम्पनीको एक करोड १६ लाख ७४ हजार २०९ कित्ता शेयर रु चार अर्ब १३ करोड ६१ लाख ६१ हजार ३३१ खरिदबिक्री भएका छन् ।

# सहकार्य, सहअस्तित्व र समन्वयमा जोड दिँदै अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन

विराटनगर । नेपालको संविधानमा व्यवस्था भएबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबीच राज्यशक्तिको बाँडफाँट, सहअस्तित्व र समन्वयमा आधारित सङ्घीय शासन प्रणाली कार्यान्वयनमा जोड दिँदै 'अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन' सम्पन्न भएको छ ।

कोशी प्रदेश सरकारद्वारा यहाँ आयोजित दुईदिने सम्मेलनपछि सार्वजनिक गरिएको साझा घोषणापत्रमा नेपालको संविधानमा व्यवस्था भएबमोजिम तीनै तहका सरकार सञ्चालन भई सङ्घीय शासन प्रणालीलाई थप सुदृढ बनाउने सन्दर्भमा ऐक्यबद्धता व्यक्त गरिएको छ ।

नेपालको संविधानको धारा ५६, ५७, ५९, ६० तथा २३२ देखि २३६ र सम्बन्धित अनुसूचीबमोजिम तहगत अधिकार, जिम्मेवारी, स्रोत परिचालन तथा अन्तर प्रदेशीय समन्वय र सहकार्यको आधार सुनिश्चित गरेकाले सोहीअनुसार मुलुकको शासन व्यवस्था सञ्चालन हुनुपर्ने घोषणापत्रमा उल्लेख छ ।

यसैगरी, सङ्घीयता कार्या न्वयनका क्रममा अधिकार क्षेत्रको अस्पष्टता, कार्य जिम्मेवारीको दोहोरोपन, कानुन निर्माणमा ढिलाइ, कर्मचारी तथा संरचना व्यवस्थापन, वित्तीय स्रोत अपर्याप्त, सङ्घीय सम्पत्ति तथा दायित्व हस्तान्तरणको अपूर्णता र अन्तरसरकारी समन्वय का चुनौतीहरु विद्यमान रहेको जनाएएको छ ।

कोशी प्रदेश सम्मेलनले संविधानप्रदत्त प्रदेश अधिकारको प्रभावकारी प्रयोग तथा सुशासन र नागरिक केन्द्रित सेवा प्रवाह सुनिश्चित गर्नु सङ्घीयता सबलीकरण को आधार हो भन्ने निष्कर्षसहित दिगो विकास लक्ष्य, नेपाल सरकारको सोह्रौँ योजना तथा सातवटै प्रदेशका आवधिक योजना, नीति र प्राथमिकतामा समेटिएका विषयवस्तुप्रति ऐक्यबद्धता जनाएको छ । सम्मेलनमा भाग लिनुहुने मुख्यमन्त्रीहरूले नागरिकको आय, रोजगारी, उत्पादनशीलता, खाद्य तथा पोषण सुरक्षा, शिक्षा, स्वास्थ्य, सुरक्षित आवास, खानेपानी तथा सरसफाइ, सामाजिक सुरक्षा, सेवा तथा अवसरको पहुँच, उद्यमशीलता, सीप विकास, सुशासन, वातावरण, संरक्षण र जलवायु उत्थानशीलता सँग सम्बन्धित साझा विषयलाई अन्तरप्रदेशीय सहकार्यका प्रमुख परिणामका रुपमा आत्मसात् गर्दै ऐक्यद्धता व्यक्त गर्नुभएको छ ।

देशका प्राकृतिक स्रोत, उत्पादन, मानव स्रोतसाधान, भौगोलिक विशेषता र आर्थिक सम्भावनाको विविधतालाई अवसर का रुपमा उपयोग गर्दै कृषि तथा निर्यात, पर्यटन, पूर्वाधार, ऊर्जा, प्राकृतिक स्रोत, नदी तथा जलाधार, विपद् व्यवस्थापन, युवा तथा नवप्रवर्तन, बजार, डिजिटल 'कनेक्टिभिटी' र कृत्रिम बौद्धिकताको उपयोगलगायत साझा हितका क्षेत्रमा तुलनात्मक लाभ, संयुक्त लगानी, साझा पूर्वाधार र पारस्परिक लाभमा आधारित विकास साझेदारीलाई संस्थागत गर्न आवश्यक भएको भनी घोषणापत्रमा उल्लेख छ ।

सङ्घीयता कार्यान्वयन तथा संविधानप्रदत्त प्रदेशको अधिकारको पूर्ण प्रयोग, कार्य जिम्मेवारीको स्पष्टता र बाँकी अधिकार हस्तान्तरण सम्बन्धी सङ्घीय सरकारसमक्ष पेस गरिने नीतिगत तथा कानुनी विषयहरु, सङ्घीय कानुन निर्माण, संशोधन तथा कार्य विस्तृतीकरणको पुनरावलोकन, प्रशासननिक सङ्घीयताको कार्यान्वयन, प्रदेश प्रहरी प्रशासन तथा शान्तिसुरक्षा, सङ्घीय कार्यालय, सम्पत्ति, दायित्व तथा अभिलेख हस्तान्तरण गरी दोहोरोपन हटाउने, वित्तीय सङ्घीयताको प्रभावकारी कार्यान्वय तथा प्राकृतिक स्रोतको राजस्व बाँडफाँट, अन्तरप्रदेशीय आयोजना तथा पूर्वाधार विकास, आयोजना तथा कार्यक्रमको तहगत स्पष्टता तथा प्रदेश अधिकारको कार्यान्वयन लगायत विषयवस्तु घोषणापत्रमा समेटिएको छ ।

अन्तरप्रदेश प्राथमिकता प्राप्त प्रमुख साझेदारी कार्यक्रम, साझा विकास तथा समृद्धि करिडोर, प्राकृतिक स्रोतको समन्यायिक उपयोग तथा लाभ बाँडफाँट, जलवायु तथा विपद् जोखिम व्यवस्थापन, साझा प्रतिबद्धता, संविधानको पूर्ण कार्यान्वयन र सङ्घीयताको सुदृढीकरण, प्रदेश र स्थानीय तहबीचको संवैधानिक कार्य सम्बन्ध तथा स्थानीय स्वायत्तताको सम्मान, सुशासन, पारदर्शिता तथा नतिजामुखी सार्वजनिक वित्त व्यवस्थापन र नागरिक केन्द्रित सेवा प्रवाह तथा समावेशी र सन्तुलित विकासजस्ता विषयलाई घोषणपत्रमा प्राथमिकता का साथ समावेश गरिएको छ ।

सो अवसरमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मुलुकको सङ्घीय शासन प्रणालीलाई थप सुदृढ बनाउन दुईदिने विराटनगर सम्मेलन सफल भएको दाबी गर्नुहुँदै छिट्टै प्रधानमन्त्री सँग भेटघाटको समय मिलाइ जारी घोषणापत्रमा समेटिएका विषयवस्तु माथि छलफल अघि बढाइने जानकारी दिनुभयो । सम्मेलनपछि मुख्यमन्त्री कार्कीले सबै मुख्यमन्त्री लाई उपहारस्वरुप भोजपुरे खुकुरी, ढाका कपडाको कोट र टोपी तथा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले गौतमबुद्धको मूर्ति उपहारस्वरुप प्रदान गर्नुभएको थियो । सो सम्मेलनमा मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगर, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, लुम्बिनी प्रदेशका मुख्यमन्त्री आचार्य, कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाही सहित सबै प्रदेशका मुख्य सचिव, मुख्यन्यायाधिवक्ता, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष एवं विज्ञहरुको सहभागिता रहेको थियो ।

## औषधि व्यवस्था विभागद्वारा ४७ थरिका औषधिको पैठारी र उत्पादनमा रोक

काठमाडौँ । औषधि व्यवस्था विभागले विश्व स्वास्थ्य सङ्गठनले बनाएको अन्तरराष्ट्रिय मापदण्ड 'टिआरएस'अनुसार क्राइटेरिया नपुगेका ४७ थरिका औषधिको पैठारी तथा नयाँ उत्पादनमा रोक लगाएको छ ।

यही असोज २० गते औषधि व्यवस्था विभागका महानिर्देशक स्तरीय निर्णयअनुसार औषधिहरूको उत्पादन अनुज्ञापत्र, औषधि बिक्री वितरण दर्ता प्रमाणपत्र, औषधि पैठारी दर्ता प्रमाणपत्र तथा औषधि पैठारी सिफारिस पत्रलगायतको खारेज गरि एको जनाएको छ ।

औषधि व्यवस्था विभागका महानिर्देशक भरत भट्टराईका अनुसार विभागले सार्वजनिक सूचना जारी गरी विभिन्न कम्पनीका ४७ थरिका नयाँ औषधि आयात गर्न र नयाँ उत्पादन गर्न रोक लगाइएको हो । यद्यपि विभागले अहिले बजार मा बिक्री वितरण हुँदै आइरहेका ती औषधिको भने बिक्री वितरणमा भने रोक नलगाइएको जनाएको छ । 'इम्युनो सप्रेस्यान्ट' वर्गका औषधिहरूको गुणस्तर, सुरक्षा तथा 'क्रस कन्टामिनेसन' को जोखिम न्यूनीकरण गर्न लागि विभागको जोखिम मूल्याङ्कनसम्बन्धी २०८३ जेठ २१ गते जारी गरिएको सार्वजनिक सूचनाबमोजिम कार्य हुँदै आइरहेको थियो ।

जोखिम मूल्याङ्कनसम्बन्धी कागजात सन्तोषजनक भएका औषधिहरूको सन्दर्भमा उक्त औषधिहरूको आपूर्ति शृङ्खलाको सन्तुलन कायम राख्नुर्ने कुरा उल्लेख गर्दै औषधिहरुको बढीमा तीन महिनाका लागि उत्पादन/पैठारी अनुमति प्राप्त गरेका औषधिहरूको आपूर्ति शृङ्खलाको सन्तुलन कायम रनख्न आयात गर्दा सोको प्रज्ञापन पत्रसहित हालको मौज्दात विवरण सम्बन्धित उत्पादक/पैठारीकर्ताले यस विभागमा अविलम्ब पेस गर्नसमेत अनुरोध गरेको छ ।

## महङ्गीले खर्चिलो बन्दैछ दसैं

काठमाडौं । काठमाडौं उपत्यका भित्रका प्रायः सबै मुख्य बजारमा अहिले किनमेल गर्ने सर्वसाधारणको भीड लागेको छ ।

दसैं नजिकिँदै गर्दा खासगरी सहरी क्षेत्रका भोटाहिटी, ठमेल, असन, इन्द्रचोक, जमल, विशालबजार, सुन्धरा, खिचापोखरी, नयाँसडक, बागबजार, डिल्लीबजार, बानेश्वर, पुतली सडकलगायतका क्षेत्रमा लुगाफाटा र आवश्यक सरसामान खरिद गर्नेको चहलपहल बाक्लो रुपमा रहेको पाइएको छ ।

भदौ १० गते भोटेकोशी बाढीपछि छिमेकी मुलुक चीन तर्फको दुई वटा नाका ठप्प भएकाले पनि अघिल्लो वर्षको तुलनामा बजारमा खासगरी लत्ताकपडाको मूल्य केही बढेको हुनसक्ने उपभोक्ताको अनुमान छ । हुन त दैनिक उपभोग्यवस्तुसहित खाद्यान्न को मूल्य पनि पछिल्लो समय निकै बढेको उपभोक्ताको गुनासो छ । काठमाडौं महानगर पालिका–३२ का शालिकचन्द्र शर्माले महङ्गी बढेसँगै चाडपर्व मनाउन पनि अप्ठ्यारो हुँदै गएको गुनासो गर्नुभयो ।

"जिरा मसिनो चामलको भाउ एक बोरामा नै रु ३०० बढेको छ", उहाँले भन्नुभयो, "दसैँमा खानुपर्ने खसीको मासुको भाउ पनि प्रतिकिलो तीनदेखि ४०० ले बढेको छ । न्यून आय हुनेका लागि त दसैं मनाउन पनि मुस्किल हुने देखिएको छ ।"

शालिकचन्द्र मात्रै होइन, तिनकुनेकी स्मिता खत्री यसपालीको दसैंमा आफ्ना परिवारका सदस्यलाई एकजोर नयाँ लुगा फेरिदिने सोचमा हुनुहुन्छ । तर, लत्ताकपडाको भाउ बढे पनि जेनतेन तीन सन्तानलाई नयाँ लुगा किनमेल गरिसकेको बताउनुभयो । "दसैँमा एकसरो लुगा त फेरिदिनु पर्‍यो नी", उहाँले भन्नुभयो, "सीमित आयस्रोत हुनेलाई दसैं त दशा जस्तै हुने के गर्नु नमनाएर पनि नहुने ।" आम्दानीको स्रोत कम हुनेलाई दसैं मनाउने विषय धेरै सास्ती हुने गरेको सर्वसाधारण उपभोक्ताको भनाइ छ । उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले यसपालीको दसैंमा खाद्यान्न, लत्ताकपडा र अन्य अत्यावश्यक सरसमानको भाउ निकै वृद्धि भएको बताउनुभयो । "बजारमा सबैखालको खाद्यान्नमा भाउ बढेको छ", उहाँले भन्नुभयो, "अहिले त ताजा तरकारी, फलफूलदेखि मासुजन्य पदार्थको मूल्य आकासिएको छ ।" अध्यक्ष तिमिल्सिना नियमित रुपमा बजार अनुगमन गरी मूल्यवृद्धिलाई नियन्त्रण गर्नेतर्फ सरकारका सम्यन्त्र अग्रसर हुनुपर्ने बताउनु हुन्छ । "सरकारले आपूर्ति शृङ्खलालाई नियमित गर्ने र मूल्यवृद्धि नियन्त्रण मा हस्तक्षेप गरेर नै अघि बढ्नुपर्ने जरुरी देखिएको छ", उहाँले भन्नुभयो । नेपाल हिमालयन सीमापार वाणिज्य सङ्घका महासचिव रामचन्द्र पराजुलीले छिमेकी मुलुक चीनसँग जोडिएका मुख्य लाइफ लाइन का रुपमा रहेका रसुवा र तातोपानीका नाका अवरुद्ध हुँदा वस्तु तथा समान ल्याउन असहज भइरहेको बताउनुभयो ।

"चीनसँग जोडिएका नाका अवरुद्ध हुँदा व्यापारमा पनि ठूलो असर पारेको छ", उहाँले भन्नुभयो, "चीनतर्फबाट दसैँलगायत पर्वलाई लक्षित गरी ल्याउन लागिएका करिब रु पाँच अर्ब मूल्य बराबरका सामान नाकामा रोकिएको छ ।

उपभोक्ता संरक्षण विभागका महानिर्देशक रितेशकुमार शाक्यले विभागले चाडपर्व लक्षित अनुगमन कार्यलाई तीव्रता दिँदै आइरहेको बताउनुभयो ।

# बाढी प्रभावित चार हजार १०८ परिवारलाई नगद सहायता

काठमाडौं । सरकारले भोटेकोशी बाढीबाट प्रभावित रसुवा, नुवाकोट र धादिङका चार हजार १०८ परिवारलाई प्रतिपरिवार रु ४५ हजारका दरले नगद सहायता वितरण गरेको छ ।

विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी)ले उपलब्ध गराएको रकम दोहोरोपना हुन नदिने गरी एकद्वार प्रणालीमार्फत वितरण गरिएको प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार स्थानीय तहसँगको समन्वयमा प्रभावित परिवारको पहिचान गरी रसुवाका पाँच, नुवाकोटका चार र धादिङका दुई गरी ११ स्थानीय तहका प्रभावित परिवारलाई सहायता उपलब्ध गराइएको हो ।

तथ्याङ्क प्रमाणीकरण हुन बाँकी रहेका करिब एक हजार ४०० परिवारलाई पनि तीन दिनभित्र रकम वितरण गरिसक्ने सरकारको तयारी छ ।

यही असोज २३ गते बसेको केन्द्र तथा तीनवटै जिल्लाका मनसुन प्रतिकार्य कमाण्ड पोस्टको संयुक्त बैठकले विपद् प्रभावित परिवारको पहिचान, प्रमाणीकरण र शीघ्र पुनर्लाभलाई व्यवस्थित गर्ने निर्णय गरेको थियो ।

रेडक्रससहित अन्य विकास साझेदारले पनि नगद सहायता उपलब्ध गराउन चाहेकाले 'विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१' अनुसार दोहोरो सहायता हुन नदिने र कुनै पनि प्रभावित परिवार नछुट्ने गरी सहयोग वितरण गर्न स्थानीय तह तथा सम्बन्धित निकायलाई निर्देशन दिइसकिएको कार्यालयले जनाएको छ । बाढी प्रभावितको दीर्घकालीन पुनःस्थापना तथा व्यवस्थापनका लागि पनि काम भइरहेको जनाइएको छ ।

# काठमाडौंमा लुकिछिपी बसिरहेका १० विदेशी नागरिक पक्राउ

काठमाडौं । अवैधरूपमा नेपाल प्रवेश गरी काठमाडौंका विभिन्न स्थानमा लुकिछिपी बसिरहेका १० विदेशी नागरिक पक्राउ परेका छन् । सशस्त्र प्रहरी बल नेपालको इन्टेलिजेन्स ब्यूरोले बुधबार उनीहरूलाई नियन्त्रण मा लिई अध्यागमन विभागको जिम्मा लगाएको छ ।

पक्राउ पर्नेमा ४५ वर्षीय मोहमद मुक्तर होसेन, ३९ वर्षीय अब्बास अली, ४६ वर्षीय रफिक आलम, ४० वर्षीय मोहम्मद अरिफ सोसन, ३० वर्षीय अजिजुल, २९ वर्षीय अब्दुल, ३७ वर्षीय मोहम्मद आलम करिम, ३६ वर्षीय मेहेताब मण्डल, २० वर्षीय रातुल ईस्लाम र ३० वर्षीय बसर खान रहेको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो ।



उनीहरूलाई सशस्त्र प्रहरी नेपाल नं १८ गण हेक्वा (विशिष्ट व्यक्ति तथा महत्वपूर्ण प्रतिष्ठान सुरक्षा) बाघभैरवको टोलीले पक्राउ गरेको हो ।

# बाढी प्रभावितलाई पुनःस्थापना गर्नुपर्छ

त्रिशूली । पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले भोटेकोशी बाढीबाट प्रभावित नागरिकको पुनःस्थापनाको कामलाई प्राथमिकता दिनुपर्ने बताउनुभएको छ ।

नुवाकोटको विदुर नगर पालिका वडा नं. ५ पिपलटार स्थित ठूलोगाउँमा नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट)को पहलमा निर्माण गरिएका अस्थायी आवासको साचो बाढी प्रभावित परिवारलाई हस्तान्तरण गर्दै उहाँले प्रभावित नागरिकको जनजीवन सामान्य बनाउन र पुनर्निर्माणको काम अघि बढाउनुपर्ने बताउनुभयो । "बाढीबाट प्रभावित नागरिकको जनजीवन सामान्य बनाई पुनः निर्माणमा लाग्नुपर्छ",।

अध्यक्ष ओलीले भन्नुभयो, "त्यसका लागि प्रभावित नागरिक को अस्थायी आवास र जीविको पार्जनसँगै रोजगारी तथा व्यवसाय सञ्चालन लाई सहज बनाउन ध्यान दिनुपर्छ ।"

जिफन्टले निर्माण गरेका १८ वटा अस्थायी आवास रसुवामा भोटेकोशी बाढीबाट प्रभावित भई सुरक्षित बसोबासको खोजीमा नुवाकोट आएका परिवारलाई हस्तान्तरण गरिएको हो । प्रभावित परिवार बसोबासको लागि सुरक्षित स्थानको अभाव भएको भन्दै जिफन्टले ती भवन तयार गरेको हो । नेकपा (एमाले) नुवाकोटका जिल्ला सचिव शिवकुमार चित्रकारका अनुसार स्थानीयको जग्गा भाडामा लिएर जिफन्टको आर्थिक सहयोग र श्रमदानमार्फत ती आवास निर्माण गरिएका हुन् । भोटेकोशी बाढीबाट प्रभावित नागरिकको खोज तथा उद्धार, भग्नावशेष हटाउने, पुरिएका सामग्रीको खोजी गर्ने तथा राहत वितरणलगायत कार्यमा समेत जिफन्टले सघाएको थियो ।

# बूढीगण्डकी बाढीः उत्तरी गोरखाको पाँचहजार घर विद्युत् विहीन

गोरखा । बूढीगण्डकी बाढीका कारण उत्तरी गोरखाको करिब पाँच हजार घर विद्युत्विहीन बनेका छन् । आइतबार चुमनुब्री गाउँपालिका-६ उङ्गिलुङ खोला तर्फबाट बूढीगण्डकी मा आएको बाढीले पालिकाको वडा नं ३ जगतस्थित सिर्दिबास उहिया लघुजलविद्युत् आयोजना बगाएको थियो ।

जलविद्युत् आयोजना बगाएपछि चुमनुब्री गाउँपालिका वडा नं ३ र वडा नं ६ मा विद्युत् अवरुद्ध बनेको सिर्दिबास उहिया लघुजलविद्युत् आयोजनाका अध्यक्ष सुजन गुरुङले बताउनुभयो । गुरुङका अनुसार चुमनुब्रीको लोक्पा, दुङ्ला, न्याक, फिलिम, चिसापानी, आंगा, सर्स्युँ, नाग्चेत, घट्टेखोला, पाङसिङ, जगत, सल्लेरी, पैयुँ, भालुवन, सिर्दिबास रजगतमा विद्युत् अवरुद्ध भएको हो ।

जसका कारण ९७१ घरधुरी प्रभावित बनेको उहाँले जानकारी दिनुभयो । "बाढीले विद्युत्को १२ पोल बगायो, एउटा टावर र तारहरू पनि कता पुर्यायो, पुर्यायो । पावर हाउस चाँही सुरक्षित छ," उहाँले भन्नुभयो, "आइतबार बिहान ४:०० बजे बाढी आएदेखि यो भेगमा बिजुली छैन ।"

विद्युत् नहुँदा उत्तरी गोरखाको गाउँबस्ती समस्यामा परेको चुमनुब्रीको प्रमुख प्रशासकीय अधिकृत नारायण सापकोटा बताउनुहुन्छ । उहाँका अनुसार विद्युत् र इन्टरनेट नहुँदा हाल पालिकाको प्रशासनिक काम ठप्प बनेको छ । निजी सङ्घसंस्थाहरू र स्थानीय नागरिकहरू पनि मर्कामा परेका उहाँको भनाइ छ ।

उहाँ भन्नुहुन्छ, "बाढीले पुल बगायो, बाटो बगायो, बिजुली पनि बगायो । अहिलेको डिजिटल युगमा बिजुली नहुँदा सूचना आदनप्रदानमा समस्या भएको छ । हिजो बिहान फोनसम्पर्क गरेकै कारण सयौं मानिसहरूको ज्यान जोगिएको हो ।" फिलिमको केही घरहरूमा जडान गरिएका सोलार मार्फत सबैजनाले मोबाइल चार्ज गर्ने र बाहिर फोन सम्पर्क गर्ने गरेका सापकोटाले बताउनुभयो । हाल उत्तरी गोरखाको बाढी प्रभावित क्षेत्रमा एक गाउँबाट अर्को गाउँसम्म पुग्न सक्ने अवस्था समेत नरहेको चुमनुब्री गाउँ पालिकाकी पूर्व उपाध्यक्ष कुमारी गुरुङ बताउनुहुन्छ । "फिलिमबाट न तल जाने ठाउँ छ, न त माथि जाने । बाढीले पुल, बाटो सबै बगायो," उहाँले भन्नुभयो, "झनै बिजुली पनि नहुँदा त यो ठाउँ अन्धकार बनेको छ । धन्न मानवीय क्षति भने भएको छैन ।" उत्तरी गोरखाको अधिकांश गाउँबस्तीमा बिजुली र इन्टरनेटको समस्या रहेको गुरुङको भनाइ छ ।

बाढीका कारण उत्तरी गोरखाको धार्चे गाउँपालिका झनै मर्कामा परेको छ । हाल गाउँ पालिकाको सात वटै वडाका करिब चार हजार घर विद्युत्विहीन बनेका पालिकाको प्रमुख प्रशासकीय अधिकृत बुद्धिराम बस्नेतले जानकारी दिनुभयो ।

विद्युत् प्राधिकरणको आरुघाट स्थित वितरण केन्द्रमा बाढीले क्षति पुर्याएपछि धार्चे गाउँपालिका अन्धकार बनेको उहाँले बताउनुभयो । "बाढीले यहाँको बिजुली, सञ्चार, बाटो-घाटो, पुल सबै बगायो," उहाँले भन्नुभयो ।

# अन्नपूर्णका बाढी पहिरो प्रभावितलाई सहयोग

म्याग्दी । म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका बाढी पहिरो प्रभावितका लागि सरकारी निकाय र सामुदायिक तहबाट सहयोग प्राप्त हुन थालेको छ ।

यही असोज ८ देखि ११ गतेसम्मको झरीपछिको बाढी पहिरोले घरबास गुमाएर 'होल्डिङ सेन्टर', अस्थायी शिविर र आफन्तकहाँ बसेका विस्थापितलाई जिन्सी सामग्री उपलब्ध गराइएको छ ।

सशस्त्र प्रहरी बल, पुन समाज नेपाल र म्याग्दी उद्योग वाणिज्य सङ्घले बुधबार (हिजो) जिन्सी सामग्री सहयोग गरेका गाउँपालिकाले जनाएको छ । सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय, काठमाडौंले पठाएको राहत सामग्री गाउँपालिका मार्फत प्रभावित २० परिवारलाई हस्तान्तरण गरिएको गलेश्वर गुल्मका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक लुकेन्द्र सुब्बाले जानकारी दिनुभयो ।

पुन समाजले घारस्थित वडा कार्यालय परिसरको होल्डिङ सेन्टरमा रहेका पाउद्वारका ११४ जना र शिखमा रहेका किन्दु, घोस्केखोर, घिरवाङका ९१ जनालाई रु सात लाख ९५ हजार मूल्य बराबरको सामग्री वितरण गरेको जनाएको छ ।

समाजका उपाध्यक्ष राजु पुनले दुई ठाउँका २२७ जनालाई एक/एक थान न्यानो कपडा ( ब्ल्याङ्केट) र खाद्यान्न उपलब्ध गराएको जानकारी दिनुभयो । गिवाङ र नेपानेका प्रभावितलाई बिहीबार तथा सिरुवारीको अस्थायी शिविरमा रहेका राम्चेको महभिरलगायत ठाउँका प्रभावितलाई दसैंलगत्तै राहत सामग्री वितरण गरिने उहाँले बताउनुभयो । म्याग्दी उद्योग वाणिज्य सङ्घले रु छ लाख मूल्य बराबरको २५ किलोग्राम तौलका ४० बोरा चामल, ४० पोका राहत प्याकेट, ४० कार्टुन चाउचाउ, दुई कार्टुन सनफलावर तेल, ३० सेट सोलार प्यानल र ३६ थान त्रिपाल अन्नपूर्ण गाउँपालिकालाई सहयोग गरेको सङ्घका महासचिव जिसीले जानकारी दिनुभयो ।

विपद्मा परी पाँच जनाको मृत्यु, एक जना बेपत्ता भएका छन् भने ६० घर पूर्ण र १२९ घर आंशिक रूपमा क्षतिग्रस्त भएको गाउँ-पालिकाका अध्यक्ष भारत पुनले बताउनुभयो । घार, शिख र सिरुवारीको तीन वटा आश्रयस्थलमा २५५ जना प्रभावितले आश्रय लिएका छन् । थप १५६ जना प्रभावित आफन्त तथा छिमेकीको घरमा बसेका छन् । गाउँपालिकाले त्रिपाल र टेन्टको व्यवस्था गरी प्रभावितलाई अस्थायी बसोबासको प्रबन्ध मिलाएको छ ।

# गृहमन्त्री गुरुङ स्वदेश फिर्ता

काठमाडौं । गृहमन्त्री सुधन गुरुङ तीनदिने भारत भ्रमण सम्पन्न गरी स्वदेश फर्कनुभएको छ ।

भ्रमणका क्रममा गृहमन्त्री गुरुङ नयाँ दिल्लीमा आयोजित बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) गृहमन्त्रीस्तरीय प्रथम बैठकमा सहभागी हुनुभएको थियो । नयाँ दिल्लीमा रहँदा गृहमन्त्री गुरुङले भारतीय समकक्षी अमित शाहसँग द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो । उहाँले बिमस्टेक मन्त्रीस्तरीय बैठकलाई सम्बोधन गर्दै जलवायु परिवर्तनका कारण बढ्दो विपद् जोखिमलाई सम्बोधन गर्न 'बिम्स्टेक क्षेत्रीय विपद् पूर्वतयारी तथा प्रतिकार्य रूपरेखा' निर्माणको प्रस्ताव गर्नुभएको थियो । स्वदेश फर्कने क्रममा इन्दिरागान्धी अन्तरराष्ट्रिय विमानस्थलमा आज गृहमन्त्री गुरुङ र भारतीय विदेश मन्त्री डा एस जयशङ्करसँग सङ्क्षिप्त भेटवार्ता भएको गृहमन्त्रीको सचिवालयले जनाएको छ । मन्त्री गुरुङ यही असोज २६ गते भारत भ्रमणमा जानुभएको थियो ।

# उपभोक्ता हितविपरीत काम गर्ने पाँच व्यवसायीलाई पाँच लाख १५ हजार जरिवाना

भद्रपुर । यहाँ उपभोक्ता हितविपरीत कार्य गर्ने पाँच व्यवसायीलाई रु पाँच लाख १५ हजार जरिवाना गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयले भदौ २० देखि असोज २८ गतेसम्म गरेको आकस्मिक बजार निरीक्षण तथा अनुगमनका क्रममा म्याद गुज्रिएका र अखाद्य वस्तु बिक्री गर्ने तथा अस्वाभाविक मूल्य लिने व्यवसायीमाथि कारबाही गरेको हो ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले बजारमा उपभोक्ताको हितविपरीत हुने गतिविधि नियन्त्रण गर्न अनुगमनलाई निरन्तरता दिइएको बताउनुभयो । उहाँले भन्नुभयो, "बजारमा उपभोक्ताको हितविपरीत हुने गतिविधि नियन्त्रण गर्न अनुगमनलाई निरन्तरता दिएका छौं । म्याद गुज्रिएका र अखाद्य वस्तु बिक्री गर्ने तथा चाडबाडको मौका छोपी अस्वाभाविक मूल्य लिने व्यवसायी लाई कारबाही गर्छौं । उपभोक्ताको स्वास्थ्य र हित संरक्षणका लागि व्यवसायी तथा सरोकारवाला सबै जिम्मेवार हुन आवश्यक छ ।"

प्रजिअ पोखरेलका अनुसार, उक्त अवधिमा जिल्लाका १३४ फर्म तथा व्यवसायको आकस्मिक निरीक्षण तथा अनुगमन गरिएको थियो । अनुगमनका क्रममा रु दुई लाख ४० हजार ४४३ बराबरका म्याद गुज्रिएका तथा अखाद्य सामग्री नष्ट गरिएको छ भने एक व्यवसायी लाई सचेत गराइएको छ ।

म्याद गुज्रिएको गाईको दाना बिक्री वितरण गर्ने दास किराना पसल र फेन्सिङ वायर अस्वाभाविक मूल्यमा बिक्री गर्ने शिवम् ट्रेड एन्ड सप्लायर्सलाई जनही रु दुई लाख जरिवाना गरिएको छ । त्यसैगरी, अखाद्य अमिलो पदार्थ बिक्री वितरण गर्ने श्रीराम अमिलो भण्डार र आवश्यक इजाजतबिना विदेशी प्याकेजिङ प्रयोग गरी आइसक्रिम बिक्री गर्ने कमल आइस उद्योगलाई जनही रु ५० हजार तथा ओमशान्ति मिष्ठान्न भण्डारलाई रु १५ हजार जरिवाना गरिएको छ । दमक-१ स्थित मुना स्टोर्सलाई भने सचेत गराइएको छ । जिल्ला प्रशासन कार्यालयले उपभोक्ताको स्वास्थ्य र हित संरक्षणका लागि आकस्मिक बजार निरीक्षण तथा अनुगमनलाई निरन्तरता दिने जनाएको छ । कार्यालयले बजारलाई उपभोक्तामैत्री बनाउन व्यवसायी, उपभोक्ता तथा सम्बन्धित सरोकारवालासँग सहकार्य का लागि आग्रहसमेत गरेको छ ।

# एभीएमका रसिन र इभानालाई यु-२१ टेबलटेनिसमा स्वर्ण

काठमाडौं । एभीएम टेबलटेनिस क्लबका रसिन महर्जन र इभाना थापाले नेपाल युथ टेबलटेनिस च्याम्पियनसिपको यु-२१ एकलमा स्वर्णपदक जितेका छन् ।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा बुधबार सम्पन्न प्रतियोगिताको यु-२१ ब्वाइज एकलमा रसिन र गर्ल्स एकलमा इभानाले स्वर्ण जितेका हुन् ।

यु-२१ ब्वाइज एकलमा नेपाल प्रहरीका गनन्जय दाहाल दोस्रो तथा भिजन टेबलटेनिस क्लबका समिर खत्री र यल टेबलटेनिसका रिजन शाक्य तेस्रो भए ।

यु-२१ गर्ल्स एकलमा एभीएमकी वियंका राई दोस्रो तथा सोही क्लबका आस्मा पहरी र साइरा शाक्य तेस्रो भए ।

नेपाल टेबलटेनिस प्रालिद्वारा आयोजित प्रतियोगिताको यु-१७ ब्वाइज एकलमा एभीएमका प्रज्ज्वल भट्टराईले स्वर्ण, यलका रिजन शाक्यले रजत तथा स्ट्याग च्याम्पियन्स टेबलटेनिस क्लबका निश्चल थापा र यलका रिभानमुनि वज्राचार्यले कास्य पदक जितेका छन् ।।

दुईदिने प्रतियोगितामा छ स्पर्धामा प्रतिस्पर्धा भएको थियो । यसअघि यु-१३ र यु-१७ गर्ल्स



एकलमा साइरा शाक्य तथा यु-१३ ब्वाइज एकलमा रिभानमुनि वज्राचार्य ले स्वर्ण जितेका थिए । विजेतालाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव रामचरित्र मेहता, शिक्षा तथा खेलकुद मन्त्रालयका प्रमुख सल्लाहकार सिद्धी व्यञ्जनकार र राखेप कार्यकारी समितिकी सदस्य सिक्का सुवाल श्रेष्ठलगायत पदाधिकारीले पुरस्कार प्रदान गर्नुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com